नेपाल सरकार
युवा, श्रम तथा रोजगार मन्त्रालय
राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर

(.....शाखा)

प.सं.: ०८३१०८४

च.नं.: २४०

मिति-२०८३/०८/०९

विषय- संस्था आबद्धता सम्बन्धमा ।

राष्ट्रिय युवा परिषद् ऐन २०७२ को दफा १३ को उपदफा १ र राष्ट्रिय युवा परिषद् नियमावली २०७३ को नियम ६ अनुसार परिषद्मा आवद्ध हुन इच्छुक युवाको हकहितको संरक्षण गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएका युवाका क्षेत्रमा कामगर्ने सामाजिक संघ संस्थाहरूले परिषद्मा आबद्धता तथा नवीकरणका लागि राष्ट्रिय युवा परिषद् नियमावली २०७३ को नियम ६ को उपनियम ३, ५ र ६ बमोजिम युवा परिषद्को कार्यालय, सानोठिमी, भक्तपुरमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

विवरण

१. संघ वा संस्थाको नाम,

२. संघ वा संस्थाको उद्धेश्य,

३. संघ वा संस्थाको नवीकरण वहाल रहने अवधि,

४. संघ वा संस्थाको कार्य समितिका सदस्यहरूको नाम र ठेगाना,

५. संघ वा संस्थाको विधान,

सङ्लग्न कागजातहरू :-

क. संघ वा संस्था दर्ता प्रमाण पत्र,

ख. समाजकल्याण परिषद्मा आवद्ध भएको प्रमाण,

ग. पान नं,

घ. कर चुक्ता प्रमाण पत्र,

ङ. पछिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन,

च. आवद्धता नवीकरणका लागि यस भन्दा अघि आवद्धता लिएको प्रमाण- पत्रको प्रतिलिपी,

छ. संघ वा संस्थाको तर्फबाट आवद्धताका लागि निवेदन दिने व्यक्तिलाई सोको लागि अधिकार दिएको निर्णय प्रतिलिपी।

नोट: संस्था आवद्धता तथा नवीकरणका लागि रु ३००० लाग्नेछ ।

विश्वास रोक्का मगर
उपसचिव